भुम्लु गाउँपालिकाद्वारा प्रकाशित

# स्थानीय राजपत्र

खण्ड १ संख्या १ मिति २०७५ असार २९ गते

## भाग-१

भुम्लु गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
सल्ले, काभ्रेपलाञ्चोक

# भुम्लु गाउँपालिकाको आर्थिक ऐन, २०७५

## भुम्लु गाउँपालिका को अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको ऐन

सभाबाट स्वीकृत मितिः २०७५/०३/२६

**प्रस्तावनाः**

भुम्लु गाउँपालिकाको आर्थिक वर्ष २०७५/०७६ को अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्नको निमित्त स्थानीय कर तथा शुल्क संकलन गर्ने, छुट दिने तथा आय संकलनको प्रशासनिक व्यवस्था गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा २८८ को उपधारा (२) बमोजिम भुम्लु गाउँ सभाले यो ऐन बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम "आर्थिक ऐन, २०७५" रहेको छ ।

(२) **यो ऐन २०७५ साल श्रावण १ गतेदेखि भुम्लु गाउँपालिका क्षेत्रमा लागू हुनेछ ।**

२. **सम्पति करः** गाउँपालिकाका क्षेत्रभित्र अनुसूचि (१) बमोजिम एकिकृत सम्पत्ति कर (घर जग्गा कर) लगाइने र असूल उपर गरिनेछ ।

३. **भूमि कर (मालपोत) :** गाउँपालिकाका क्षेत्रभित्र अनुसूचि (२) बमोजिम भूमि कर (मालपोत) लगाइने र असूल उपर गरिनेछ ।

४. **घर बहाल करः** गाउँपालिकाका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले भवन, घर, पसल, ग्यारेज, गोदाम, टहरा, छप्पर, जग्गा वा पोखरी पूरै आंशिक तवरले बहालमा दिएकोमा अनुसूचि (३) बमोजिम घर जग्गा बहाल कर लगाइने र असूल गरिनेछ ।

५. **व्यवसाय करः** गाउँपालिकाका क्षेत्रभित्र व्यापार, व्यवसाय वा सेवामा पूँजीगत लगानी र आर्थिक कारोवारका आधारमा अनुसूचि (४) बमोजिम व्यवसाय कर लगाइने र असूल उपर गरिनेछ ।

६. **जडिबुटी, कवाडी र जीवजन्तु करः** गाउँपालिकाका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले ऊन, खोटो, जडिबुटी, वनकस, कवाडी माल र प्रचलित कानूनले निषेध गरिएको जीवजन्तु वाहेकका अन्य मृत वा मारिएका जीवजन्तुको हाड, सिङ, प्वाँख, छाला जस्ता बस्तुको व्यवसायिक कारोवार गरेवापत अनुसूचि (५) बमोजिमको कर लगाइने र असूल उपर गरिनेछ ।

७. **विज्ञापन करः** गाउँपालिकाका क्षेत्रभित्र हुने विज्ञापनमा प्रदेश सरकारको आर्थिक ऐनमा उल्लेख भए अनुसार अनुसूचि (६) बमोजिम विज्ञापन कर लगाइने र असूल उपर गरिनेछ ।





८. **बहाल बिटौरी शुल्कः** गाउँपालिकाका क्षेत्रभित्र आफुले निर्माण, रेखदेख वा संचालन गरेका र सार्वजनिक जग्गामा बनेका घरहरूमा अनुसूचि (७) मा उल्लेख भए अनुसार हाट बजार वा पसलमा सोही अनुसूचिमा भएको व्यवस्था अनुसार बहाल बिटौरी शुल्क लगाइने र असूल उपर गरिनेछ ।

९. **सेवा शुल्क, दस्तुरः** गाउँपालिकाले निर्माण, संचालन वा व्यवस्थापन गरेका अनूसूचि ८ मा उल्लिखित स्थानीय पूर्वाधार र उपलब्ध गराइएको सेवामा सेवाग्राहीबाट सोही अनुसूचिमा व्यवस्था भए अनुसार शुल्क लगाइने र असूल उपर गरिनेछ ।

१०. **प्राकृतिक स्रोत साधन उपयोग (बिक्री तथा निकासी शुल्कः** गिटटि बालुवा दहत्तर बहत्तरको संकलन बिक्री र निकासी तथा काठको निकासि गर्दा अनुसुची ९ बमोजिम शुल्क लगाइने छ ।

११. **व्यवसाय दर्ता तथा नवीकरण** दस्तुरः गाउँपालिका भित्र स्थापना हुने व्यवसायहरूको दर्ता तथा संचालित व्यवसायहरूको नवीकरण गर्दा अनूसूचि १० मा उल्लिखित दर्ता तथा नवीकरण दस्तुर लगाइने र असूल उपर गरिनेछ ।

१२. **नक्शा पास दस्तुरः** गाउँपालिकाको क्षेत्र भित्र बन्ने घरहरूको नक्शा पास गर्दा अनूसूचि ११ मा उल्लिखित नक्शा पास दस्तुर लगाइने र असूल उपर गरिनेछ ।

१३. **अन्य दस्तुरः** गाउँपालिकाले सिफारीस लगायतका शिर्षकहरूमा अनुसुचि १२ मा उल्लिखित अन्य दस्तुर लगाइने र असुल उपर गरिने छ ।

१४. **दण्ड जरिवानाः** गाउँपालिका भित्र कुनै व्यक्ति, संस्था निकायले स्थानीय कानुन तथा अन्य प्रचलित कानुनको उल्लंघन गरेको पाईएमा अनुसुचि १३ बमोजिम र उक्त अनुसुचिमा उल्लेख नभएकोमा प्रचलित कानुन बमोजिम तथा गाउँ कार्यपालिकाले तोके बमोजिमको दण्ड जरिवाना गरिने छ ।

१५. **कर छुटः** यस ऐन बमोजिम कर तिर्ने दायित्व भएका व्यक्ति वा संस्थाहरुलाई कुनै पनि किसिमको कर छुट दिईने छैन ।

१६. **कर तथा शुल्क संकलन सम्बन्धि कार्यविधिः** यो ऐनमा भएको व्यवस्था अनुसार कर तथा शुल्क संकलन सम्बन्धि कार्यविधि गाउँपालिकाले तोके अनुसार हुने छ ।

## अनुसुचि-१

(दफा २ सँग सम्बन्धित)

| क्र.स. | राजश्व शिर्षक | करयोग्य सम्पत्ति | वार्षिक दर रु. | कैफियत |
|---|---|---|---|---|
| १ | एकिकृत सम्पत्ति कर | रु. १ देखि पाँच लाखसम्म | १५० | |
| २ | | रु. ५ लाख १ देखि १० लाख सम्म | ३०० | |
| ३ | | रु. १० लाख १ देखि ३० लाखसम्म | ५०० | |
| ४ | | रु ३० लाख १ देखि ५० लाख सम्म | १,००० | |
| ५ | | रु ५० लाख १ देखि १ करोड सम्म | १५०० | |
| ६ | | रु १ करोड १ देखि २ करोड सम्म | २५०० | |
| ७ | | रु २ करोड भन्दा माथि | ४००० | |
| | | | | |

## अनुसूची २

(दफा ३ सँग सम्बन्धित)

| क्र.सं. | राजश्व शिर्षक | इकाई | दर | कैफियत |
|---|---|---|---|---|
| | भूमिकर (मालपोत) | प्रति रोपनी | ५ | |
| | भूमिकर (मालपोत) | प्रति कित्ता | ५ | वडा नं. ७ फलाटे र वडा न. ८ भुम्लुटार |





## अनुसूची ३

(दफा ४ सँग सम्बन्धित)

| क्र.सं. | राजश्व शिर्षक | इकाई | दर | कैफियत |
|---|---|---|---|---|
| | घर बहाल | मासिक बहाल | १० (दस) प्रतिशत | |

## अनुसूची ४

(दफा ५ सँग सम्बन्धित)

| क्र.सं. | राजश्व शिर्षक | इकाई | दर (वार्षिक) | कैफियत |
|---|---|---|---|---|
| १ | व्यवसाय कर | कुटानी पिसानी | २,५०० | |
| २ | | हार्डवेयर | १५,००० | |
| ३ | | इट्टा उद्योग | ३००,००० | |
| ४ | | टावर दुरसञ्चार | २५,००० | |
| ५ | | होटल तथा रेष्टुरेण्ट | १५,००० | |
| ६ | | साना होटल /चिया पसल | १,००० | |
| ७ | | बजार क्षेत्र होलसेल | १०,००० | |
| ८ | | बजार क्षेत्र खुद्रा | ५,००० | |
| ९ | | ग्रामिण क्षेत्र खुद्रा | १,५०० | |
| १० | | मेडिकल बजार क्षेत्र | १०,००० | |
| ११ | | बैक तथा वित्तीय संस्था | १०,००० | |
| १२ | | नीजि स्कुल | १२,००० | |
| १३ | | समिल | २५,००० | |
| १४ | | क्रसर उद्योग | २००,००० | |
| १५ | | ब्लक उद्योग (ईट्टा) | १२,००० | |
| १६ | | बालुवा वासिङ | ५०,००० | |
| १७ | | हिमपाईप उद्योग | ३५,००० | |
| १८ | | एफ एम रेडियो | १,२०० | |
| | | जम्मा | - | |

## अनुसूची ५
### (दफा ६ सँग सम्बन्धित)

| क.सं. | राजश्व शिर्षक | बस्तु | इकाई | दर | कैफियत |
|---|---|---|---|---|---|
| | जडिबुटि कवाडि र जिवजन्तु कर | भैसी | वटा | रु. १०० | |
| | | खसी बोका | वटा | रु. ५० | |

## अनुसूची ६
### (दफा ७ सँग सम्बन्धित)

| क.सं. | राजश्व शिर्षक | बस्तु | इकाई | दर | कैफियत |
|---|---|---|---|---|---|
| | विज्ञापन कर | होर्डिङ बोर्ड | प्रति वर्ग फुट | रु.४० | |
| | | डि.पि.एस बार्ड | प्रति वर्ग फुट | रु.२० | |
| | | ग्लोसाइन बोर्ड | प्रति वर्ग फुट | रु.५० | |
| | | भित्ते लेखन | प्रति वर्ग फुट | रु.५ | |
| | | पोल बोर्ड | प्रति वर्ग फुट | रु.२५ | |

## अनुसूची ७
### (दफा ८ सँग सम्बन्धित)

| क.सं. | राजश्व शिर्षक | किसिम | इकाई | दर | कैफियत |
|---|---|---|---|---|---|
| | बहाल बिटौरी शुल्क | सार्वजनिक जग्गामा रहेका टहरा | प्रति टहरा मासिक | रु. १५०० | |
| | | सार्वजनिक जग्गामा रहेका पक्की टहरा | प्रति टहरा मासिक | रु. २५०० | |
| | | सार्वजनिक जग्गामा रहेका घर | प्रति घर मासिक | रु. ५००० | |





## अनुसूची ८
### (दफा ९ सँग सम्बन्धित)

| क.सं. | राजश्व शिर्षक | किसिम | इकाई | दर | कैफियत |
|---|---|---|---|---|---|
| | सेवा शुल्क (स्थानीय) पूर्वाधार उपयोग शुल्क | स्थानीय सडक प्रयोग शुल्क | प्रति ठूलो गाडी | रु. ५० | |
| | | | प्रति साना गाडी | रु. २० | |

## अनुसूची ९
### (दफा १० सँग सम्बन्धित)

| क.सं. | राजश्व शिर्षक | किसिम | इकाई | दर संकलन शुल्क | दर निकासी शुल्क |
|---|---|---|---|---|---|
| | प्राकृतिक स्रोत साधन उपयोग (बिक्री तथा निकासी) | ढुंगा बालुवा गिट्टी आन्तरिक बिक्री एवम घाट गद्दि | प्रति क्यूव फिट | रु. १ | रु. २ |
| | | ढुंगा बालुवा गिट्टी गाउँपालिका बाहिर निकासी कर | प्रति क्यूव फिट | रु. ३।२५ पै. | रु. ४ |
| | | काठ | प्रति क्यूव फिट | - | रु. ५ |
| **क.सं.** | **राजश्व शिर्षक** | **किसिम** | **इकाई** | **दर बिक्री शुल्क** | **दर निकासी शुल्क** |
| | प्राकृतिक स्रोत साधन उपयोग (बिक्री तथा निकासी) | ढुंगा बालुवा गिट्टी गाउँ पालिका बाहिर निकासी | प्रति ठूलो टिप्पर | रु. १००० | रु. १२०० |
| | | | प्रति मिनी ट्रक | रु. ५०० | रु. ६०० |

## अनुसूची १०
(दफा ११ सँग सम्बन्धित)

| क्र.सं. | राजश्व शिर्षक | किसिम | इकाई | दर | कैफियत |
|---|---|---|---|---|---|
| | व्यवसाय दर्ता नवीकरण दस्तुर | व्यवसाय दर्ता | प्रति व्यवसाय | रु. १००० | |
| | | व्यवसाय नवीकरण | प्रति व्यवसाय | रु. ५०० | |

## अनुसूची ११

(दफा १२ सँग सम्बन्धित)

| क्र.सं. | राजश्व शिर्षक | विवरण | इकाई | दर रु. | कैफियत |
|---|---|---|---|---|---|
| | नक्शा पास दस्तुर | | प्रति वर्ग फुट | | |
| १ | | *RCC* सटरवाला प्रति वर्ग फुट | | | |
| १.१ | | प्रति वर्ग फुट (पीच वाटोमा ) | | १० | |
| १.२ | | प्रति वर्ग फुट (ग्राभेल वाटोमा ) | | ९ | |
| १.३ | | प्रति वर्ग फुट (कच्ची वाटोमा ) | | ८ | |
| १.४ | | प्रति वर्ग फुट (गोरेटो वाटोमा ) | | ६ | |
| २ | | *RCC* वाला प्रति वर्ग फुट | | | |
| २.१ | | प्रति वर्ग फुट (पीच वाटोमा ) | | ७ | |
| २.२ | | प्रति वर्ग फुट (ग्राभेल वाटोमा ) | | ६ | |
| २.३ | | प्रति वर्ग फुट (कच्ची वाटोमा ) | | ५ | |
| २.४ | | प्रति वर्ग फुट (गोरेटो वाटोमा ) | | ४ | |
| ३ | | *Load Bearing* प्रति वर्ग फट रु (औसतमा रु ३) | | | |
| ३.१ | | प्रति वर्ग फुट (पीच वाटोमा ) | | ४ | |
| ३.२ | | प्रति वर्ग फुट (ग्राभेल वाटोमा ) | | ३ | |
| ३.३ | | प्रति वर्ग फट (कच्ची वाटोमा ) | | २ | |
| ३.४ | | प्रति वर्ग फुट (गोरेटो वाटोमा ) | | १ | |





## अनुसूची १२

(दफा १३ सँग सम्बन्धित)

| क्र.सं. | राजश्व शिर्षक | विवरण | इकाई | दर रु. | कैफियत |
|---|---|---|---|---|---|
| १ | अन्य दस्तुर | नगारिकता सिफारिस | वटा | १०० | |
| २ | | नाता प्रमाणित | वटा | २०० | |
| ३ | | जन्म दर्ता | वटा | १०० | ३५ दिन भित्र निःशुल्क |
| ४ | | मृत्यू दर्ता | वटा | १०० | ३५ दिन भित्र निःशुल्क |
| ५ | | विवाह दर्ता | वटा | १०० | ३५ दिन भित्र निःशुल्क |
| ६ | | बसाई सराई | वटा | ५०० | ३५ दिन भित्र निःशुल्क |
| ७ | | सम्बन्ध विच्छेद | वटा | १०० | ३५ दिन भित्र निःशुल्क |
| ८ | | जग्गा सिफारिस | वटा | २०० | |
| ९ | | सम्पति मूल्यांकन सिफारिस | वटा | रु १००/ प्रति लाखमा | |
| १० | | आय स्रोत सिफारिस | वटा | रु १०० / प्रति लाखमा | |
| ११ | | अन्य सिफारिस | वटा | १०० | |

# अनुसूची -१३

## (दफा १४ सँग सम्बन्धित)

| क्र.सं. | राजस्व शिर्षक | विवरण | इकाई | दर | कैफियत |
|---|---|---|---|---|---|
| | दण्ड जरिवाना | दहत्तर बहत्तर र काठ अवैध रुपमा चोरी निकासी गरेमा | स्काभेटर, | सामान जफत गरी रु. ७००० | पहिलो पटक |
| | | | ब्याकुलोडर, प्रति टिपर | सामान जफत गरी रु. ५००० | पहिलो पटक |
| | | | सानो गाडी | सामान जफत गरी रु. ३००० | पहिलो पटक |

यस्तो दण्ड जरिवाना लाग्ने कार्य एक आ.व. मा पुनः दोहोरिएमा जरिवाना दर माथि उल्लेख भएको दरमा दोब्बर हुदै जाने छ र चौथो पटक पनि यस्तो कार्य गरेमा सम्बन्धीत सवारी साधन समेत जफत गरिने छ।

प्रमाणिकरण मिति : २०७५/३/२६ गते

आज्ञाले<br>
हरिबल्लभ घिमिरे<br>
गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृत

मूल्य रु. १०